# नौगाड गाउँपालिका
**Naugad Rural Municipality**
# गाउँकार्यपालिकाको कार्यालय
**Office of Rural Municipal Executive**
## होपरीगाड, दार्चुला
**Hoparigad, Darchula**

सुदूरपश्चिम प्रदेश, नेपाल
Sudurpashchim Province, Nepal

प.सं.:- २०८३/८४ (उद्योग तथा व्यवसाय प्रवर्द्धन इकाई)
च.नं.:- ४२३

नौगाड गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय होपरीगाड, दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल

मितिः २०८३।०६।२७
ने.सं. ११४६ कौलाथ्वः तृतिया, मंगलबार

**विषय: तालिमको लागि आवेदन आह्वान सम्बन्धमा।**
**( प्रथम पटक सूचना प्रकाशित मिति २०८३।०६।२७ गते )**

प्रस्तुत विषयमा यस नौगाड गाउँपालिका उद्योग तथा व्यवसाय प्रवर्द्धन इकाईको आर्थिक वर्ष. २०८३/०८४ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत **हलुका सवारी चालक आधारभूत सीप विकास तालिम**, क्षमता अभिवृद्धि तथा स्वरोजगार प्रवर्द्धन गर्ने उद्देश्यले सञ्चालन गरिने भएकोले इच्छुक योग्य महिलाहरूबाट आवेदन आह्वान गरिन्छ।

उक्त तालिममा नौगाड गाउँपालिकाको ६ वटै वडाबाट जम्मा १२ जना महिला सहभागी छनौट गरिने भएकाले इच्छुक महिलाहरूले यस सूचनामा उल्लिखित सर्त तथा आवश्यक कागजात सहित सूचना प्रकाशित भएको मितिले १५ ( पन्ध्र) दिन भित्र आवेदन पेश गर्नुहुन यो सूचना आह्वान गरिएको छ।

**१. तालिमको विवरण:**

- **तालिमको नाम:** हलुका सवारी चालक आधारभूत सीप विकास तालिम।
- **तालिम अवधि:** १ महिना।
- **सहभागी संख्या:** १२ जना महिला ( ६ वटै वडाबाट समावेश गरिनेछ )।
- **कार्यक्रम सञ्चालन गर्ने निकाय:** नौगाड गाउँपालिका, दार्चुला।
- **आर्थिक सहयोग:** नौगाड गाउँपालिका।

८३।६।२६
**(पुष्कर सिंह धामी)**
प्रमुख प्रशासकीय अधिकृत
पुष्कर सिंह धामी
प्रमुख प्रशासकीय अधिकृत

**२. आवेदनका लागि आवश्यक योग्यता:**

१. आवेदक महिला १८ देखि ४० वर्ष उमेर समूह हुनु पर्नेछ।
२. माध्यमिक शिक्षा ( १२ कक्षा ) उत्तीर्ण हुनु पर्नेछ।
३. सवारी चालक सीप सिक्न तथा तालिममा सहभागी हुन इच्छुक हुनु पर्नेछ।
४. तालिम अवधिभर नियमित रूपमा सहभागी हुन प्रतिबद्ध हुनु पर्नेछ।
५. प्रचलित कानुन बमोजिम सवारी चालक अनुमतिपत्र प्राप्त गर्न आवश्यक उमेर तथा अन्य योग्यता पूरा गर्ने वा तालिमको प्रकृति अनुसार योग्य हुने हुनु पर्नेछ।
६. यस अघि समान प्रकृतिको तालिमबाट लाभ नलिएका तथा आर्थिक वा सामाजिक रूपमा अवसरबाट वञ्चित महिलालाई प्राथमिकता दिन सकिनेछ।
७. अन्य आवश्यक मापदण्ड गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

**३. आवेदन साथ पेस गर्नुपर्ने कागजात:**

१. आवेदन फाराम ( कार्यालयमा प्राप्त हुनेछ )।
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
३. स्थायी बसोबास खुल्ने प्रमाण वा वडा कार्यालयको सिफारिस।
४. हालसालै खिचिएको पासपोर्ट साइजको फोटो ३ प्रति।
५. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, ।
६. प्राथमिकता समूहमा पर्ने भए सो पुष्टि हुने कागजातको प्रतिलिपि।

**४. आवेदन पेस गर्ने स्थान र समय**

- **आवेदन बुझाउने कार्यालय:** नौगाड गाउँपालिकाको कार्यालय /उद्योग तथा व्यवसाय प्रवर्द्धन इकाई
- **आवेदन खुला हुने मिति:** २०८३ साल असोज २७ गते।
- **आवेदन दिने अन्तिम मिति:** सूचना प्रकाशित मितिले १५ ( पन्ध्र ) दिन सम्म हुनेछ।